दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ०८ | बुटवल | २०८१ पौष १८, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday Jan 02, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# लुम्बिनी प्रदेशमा २० हजार बढी होटेल–रेष्टुरेण्ट सञ्चालनमा



*लुम्बिनी प्रदेशको पहिलो पाँच तारे होटल रुपन्देहीको तिलोत्तमा बाउन्नकोटीस्थित टाइगर प्यालेस रिसोर्ट*

**लुम्बिनी संवाददाता**

*बुटवल*

लुम्बिनी प्रदेशमा २० हजार बढी होटेल तथा रेष्टुरेण्टहरु सञ्चालनमा रहेका सरकारी तथ्यांकले देखाएको छ । यो संख्या सात प्रदेश मध्ये तेस्रो धेरै संख्या हो । सबैभन्दा धेरै होटेल-रेष्टुरेण्ट बागमती प्रदेशमा सञ्चालनमा छन् ।

केन्द्रीय तथ्यांक कार्यालयले बुधबार सार्वजनिक गरेको 'राष्ट्रिय होटल तथा रेष्टुरेण्ट सर्वेक्षण २०८०' अनुसार लुम्बिनी प्रदेशमा २० हजार १ सय ५६ होटल तथा रेष्टुरेण्ट सञ्चालनमा छन् । यो सर्वेक्षणमा १० भन्दा बढी जनशक्ति काम गर्ने प्रतिष्ठानको पूर्णगणना गरिएको छ ।

कोशी प्रदेशमा २५ हजार ८ सय ८७, मधेशमा ११ हजार ७ सय ४०, बागमतीमा ५२ हजार १ सय २३, गण्डकीमा १६ हजार ९ सय ७६, कर्णालीमा ७ हजार १ सय १० र सुदूरपश्चिम प्रदेशमा ८ हजार २ सय २८ छन् ।

नेपालमा हाल सञ्चालनमा रहेका होटल तथा रेष्टुरेण्टले एकसाथ २२ लाख ३४ हजार पाहुनालाई सेवा दिन सक्ने क्षमताको पुर्वाधार छ ।

सर्वेक्षणका अनुसार आतिथ्य सत्कार उद्योगको स्थायी सम्पत्ति ५ खर्ब ४३ अर्ब रुपैयाँ बराबर पुगेको छ ।स्थायी सम्पत्तितर्फ सबैभन्दा धेरै बागमती प्रदेशमा २ खर्ब ४१ अर्ब २९ करोड ९६ लाख ५ हजार बराबर छ ।

त्यसपछि गण्डकीमा १ खर्ब ६ अर्ब ६४ करोड, कोसी ८५ अर्ब ६९ करोड, लुम्बिनी ५१ अर्ब ३६ करोड, सुदूरपश्चिम २२ अर्ब ९९ करोड, मधेश २२ अर्ब २३ करोड र कर्णाली प्रदेशमा ११ अर्ब १ करोड बराबर छ ।

मुलुकको कुल गार्हस्थ उत्पादन (जीडीपी) मा होटल तथा रेष्टुरेण्ट उद्योगको योगदान १.९६ प्रतिशत पुगेको छ ।

हाल होटलहरूमा कोठा संख्या १ लाख १६ हजार १ सय पुगेको छ । तीमध्ये तारे होटलमा ८ हजार ४ सय ९६, ताराविहीन होटलमा १ लाख ७५, रिसोर्टमा ३ हजार ८ सय २९ र होमस्टेमा ३ हजार ७ सय कोठा छ ।

सर्वेक्षण अनुसार ३ लाख ८७ हजार ७ सय ४७ जनाले होटल तथा रेस्टुरेन्ट उद्योगमा संलग्न छन् । तीमध्ये नियमित तलब वा ज्याल पाउने कामदार संख्या १ लाख ६ हजार ४ सय ५९ छ ।

तीमध्ये कोसी प्रदेशमा ६२ हजार ५३, मधेश २८ हजार ६ सय ७०, बागमती १ लाख ६२ हजार ५ सय ८६, गण्डकी ४७ हजार ६ सय १५, लुम्बिनी ५१ हजार २ सय ७८, कर्णालीमा १५ हजार ६ सय ९३ र सुदूरपश्चिम प्रदेशमा १९ हजार ८ सय ४३ छन् ।

त्यसैगरी सर्वेक्षण अवधिमा होटल तथा रेष्टुरेण्ट क्षेत्रले कामदारलाई तलब तथा ज्यालामा २० अर्ब ६१ करोड ५० लाख ७६ जहार रुपैयाँ भुक्तानी गरेको छ ।

## भिम रावलले मातृभूमि जागरण अभियान चलाउने



**लुम्बिनी संवाददाता**

*बुटवल*

पार्टीबाट निष्कासित नेता भीम रावलले नेकपा एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीको चर्को आलोचना गर्दै उनीमाथि दर्जनौं प्रश्न र आरोप लगाएका छन् । बुधबार काठमाडौँमा पत्रकार सम्मेलन गर्दै रावलले ७४ वटा विषयको प्रसंग उल्लेख गर्दै ती विषयमा अध्यक्ष ओलीले गलत निर्णय र कमजोरी गरेको दाबी गरे ।

रावलले मातृभूमि जागरण अभियान सञ्चालन गर्ने घोषणा गरेका छन् । अभियान सञ्चालनपछि सोही अभियानलाई राजनीतिक पार्टीको रूपमा विकास गर्ने रावलको भनाइ छ । 'देशमा देशभक्तिपूर्ण राजनीतिक शक्ति अपरिहार्य आवश्यक छ । यसैका निम्ति हाम्रो पाइला अघि बढ्ने छ,' उनले भने - 'अभियान सञ्चालन गरी देश र जनताको हक र हितका लागि सबै देशभक्त इमानदार शक्ति, व्यक्ति र समुदायलाई एकताबद्ध गर्नुपर्ने हुन्छ ।'

उनका अनुसार अभियान राष्ट्रव्यापी चलाइने छ । सो क्रममा भ्रष्टाचार र कुशासनकाविरुद्ध जनतालाई जागरुक बनाइने छ ।

उनले एमालेसहित अन्य दलका कारण जनतामा निराशा बढ्दै गएको र  राष्ट्रिय स्वाधीनता पनि कमजोर बन्दै गएको बताए । 'यस्तो अवस्थामा राजनीतिक दल गम्भीर हुनुपर्थ्यो । तर केपी ओली गुटले पार्टीलाई दिशाहीन बनाएको र धकेलेको छ । एमाले रंग खुइलिएको बामाले भएको छ । यो भन्नुपर्दा मलाई दुःख लागेको छ । अन्य कतिपय दल पनि सोही बाटोमा छन् ।'- उनले आरोप लगाउँदै भने ।  देशलाई समृद्ध बनाउने र जनताको आवश्यकतालाई पूरा गर्ने दल र सरकारको आवश्यकता रहेको उनले बताए ।

तत्कालीन नेकपा काल, दुई पटकको संसद विघटन, पार्टी विभाजन, चितवनको एमाले महाधिवेशनलगायतका प्रसंगको फेहरिस्त चर्चा गर्दै रावलले ओलीले स्वेच्छाचारी र निरंकुश चरित्र प्रदर्शन गरेको आरोप लगाए ।

ओलीको बोली र व्यवहार फरक रहेको भन्दै रावलले फरक विचार र मत राख्ने नेता कार्यकर्तामाथि प्रतिशोध साँध्ने र राजनीति सिध्याउने गरेको आरोप लगाए । ओलीले स्वेच्छाचारी ढंगबाट पार्टी चलाएको, निरंकुश बन्दै गएकोलगायतका आरोप लगाउँदै उनले आफ्ना प्रश्नहरूको जवाफ मागेका छन् । ती प्रश्नहरूको जवाफ दिन नसके आगामी निर्वाचनमा एमाले 'पतन' हुने रावलको दाबी छ ।

'देशभक्ति, लोकतान्त्रिक, न्यायप्रेमी जनताको तर्फबाट देश र जनताको हितका लागि विविध विषयमा उठाइएका प्रश्नहरूको केपी ओलीले जवाफ दिनैपर्छ, अन्यथा तपाईंले भन्दै आउनुभएको 'मिसन ०८४, मिसन पतन' सावित हुनेछ ।'- रावलले भने ।

उनले भने- 'मेरो ४९ वर्षको पार्टी सदस्यता खोस्ने र ५१ वर्षको राजनीतिक जीवन समाप्त गर्न खोज्ने, पार्टीले प्रतिक्रियावादी र देशद्रोही भनिएका भ्रष्ट, अनैतिक, विचौलिया र दलालहरूसँग साँठगाँठ गरी केपी ओलीले देशमा के सुशासन र समाजवाद ल्याउन खोजेको भनेर पत्याइदिनुपर्ने हो र ?' आफूले अध्यक्ष पदमा उम्मेदवार दिँदा ओलीले पार्टीकै युवालाई रक्सी खुवाएर आफूविरुद्ध नाराबाजी गर्न लगाएको रावलले आरोप लगाए । ओलीले देशमा सुशासन ल्याउन खोजेको भनेर पत्याउन नसकिने भन्दै रावलले आक्रोश पोखे । रावलले आफूलाई सोधिएको स्पष्टीकरणबाट आफैं छक्क पर्न पुगेको बताए । उनले आफ्नो नाम र पद उल्लेख नहुनुलाई केपी ओली गुटको पूर्वाग्रह र चरम द्वेष देखिएको बताए ।

नेता रावलले ओलीले कारबाहीको प्रस्ताव गर्दा कारबाहीको विरोधमा सचिवालय बैठकमा आफ्नो मत राख्ने नेताहरुलाई धन्यवाद दिएका छन् । रावललाई कारबाही र दुई नेतालाई निलम्बन गर्ने प्रस्ताव हुँदा नेताहरु अष्टलक्ष्मी शाक्य, प्रदीप ज्ञवाली, पृथ्वीसुब्बा गुरुङ, योगेश भट्टराईलगायतले विरोध गरेका थिए । ओलीले  निरंकुश र अन्यायपूर्ण ढंगले सदस्यता नै खाएपछि पार्टीमा रहिरहने अवस्था नरहेकाले  देश र जनताको हितको लागि नयाँ विकल्पमा हिँड्न बाध्य भएको रावलले बताए । उनले सत्ता र पद हत्याउने होडको कारणले ठूला दलहरु सिद्धान्तहीन, गन्तव्यहीन बाटोमा लागेको टिप्पणी पनि गरे ।

रावलले मनाङमा पार्टीका उम्मेदवारलाई फिर्ता गराएर दीपक मनाङे (राजीव गुरुङ) लाई ओलीले मन्त्री बनाएको आरोप लगाए ।  त्यसका लागि पार्टीका महासचिव शंकर पोखरेललाई खटाएको उनले बताए ।

उनले आफूलाई पार्टीमा रहँदा गरिएका व्यवहारहरू प्रतिशोधपूर्ण भएको गुनासो पनि गरे । 'शंकर पोखरेललाई ०७८ साल बैशाखमा सेना परिचालन गरेर स्थायी कमिटी बैठकबाट मनाङमा पार्टीको उम्मेदवार बनाएका व्यक्तिलाई मनपरी किसिमले नाम फिर्ता गराएर दीपक मनाङेलाई त्यहाँ निर्वाचित गराउने र पछि गण्डकी प्रदेशको मन्त्री बनाउने तपाईं नै होइन र ?'- रावलले ओलीलाई प्रश्न गरे ।

साथै, उनले कोशी प्रदेशमा परमादेशको आधारमा सरकार बनाउन लगाएको पनि जिकिर गरे । '०७७ साल माघमा संवैधानिक आयोगमा तपाईंले गर्नुभएको प्रतिनिधिसभाको विघटनलाई संविधान विरोधी ठहर गर्दै बारम्बार परमादेशी सरकार भनेर कटाक्ष गर्नुभएको थियो । तर कोशी प्रदेशमा परमादेशको आधारमा किन सरकार बनाउन लगाउनु भयो ?,' रावलले प्रश्न गरेका छन् ।

## प्रदेश प्रमुखले फिर्ता पठाएका विधेयक प्रदेश सभाबाट पुनः सर्वसम्मत पारित

**लुम्बिनी संवाददाता**

*दाङ*

लुम्बिनीका प्रदेश प्रमुखले सन्देशसहित फिर्ता पठाएका दुई वटा विधेयक लुम्बिनी प्रदेशसभाले पुनः सर्वसम्मत पारित गरेको छ । बुधबार बसेको पाँचौं अधिवेसनको दोस्रो बैठकले लुम्बिनी प्रदेश सभा नियमावली २०७९ को नियम १२८ को खण्ड 'ख' बमोजिम प्रदेश प्रमुख कृष्णबहादुर घर्तीले फिर्ता पठाएका विधेयक पुनः सर्वसम्मत पारित गरेको सभामुख तुलाराम घर्तीले घोषणा गरेका हुन् ।

प्रदेश प्रमुख  घर्तीले प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक र स्थानीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सन्देशसहित फिर्ता पठाएका थिए ।

यि दुवै विधेयक प्रदेशसभाको चौथो अधिवेशनले सर्वसम्मत पास गरेर प्रमाणिकरणका लागि प्रदेश प्रमुख समक्ष पेश गरिएको थियो । यी दुवै विधेयक प्रदेश प्रमुखले सन्देशसहित असोज २२ गते प्रदेशसभामा फिर्ता पठाएका थिए ।

बुधबारको बैठकमा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रतिनिधिको रुपमा भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले सभामा दुई वटा विधेयक छोटो बाटोबाट पारित गर्नेगरी प्रस्ताव पेश गरेका थिए । 'चौथो अधिवेसनबाट धेरै छलफल र गृहकार्य गरेर यि विधेयक अघि बढाइएको थियो ।

कर्मचारी व्यवस्थापनलाई प्रभावकारी बनाउन यि जरुरी विषय हुन्,' मन्त्री ढकालले सभामा प्रस्ताव पेश गर्दै भने-'कर्मचारीको पदपूर्ति गर्न बाँकी छ । दरबन्दी अनुसार पदपूर्ति गर्न आवश्यक रहेकाले सभाले विधेयक अघि बढाएको थियो ।'

प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक भदौ ३१ गते र स्थानीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक भदौ २७ गते प्रदेशसभाबाट पास भएको थियो । यस्तै प्रदेश सभा बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभामा पेश गरेका छन् ।

यस्तै प्रदेशसभा सदस्यहरुले समसामायिक विषयमा विशेष समयमा सम्बोधन गर्दै योजना कार्यान्वयन देखी नीति नियम तर्जुमा सम्मका विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

## राखेप उपाध्यक्षमा बुटवलका ध्रुव आचार्य

बुटवल । सरकारले राष्ट्रिय खेलकुद परिषद्(राखेप)को उपाध्यक्षमा बुटवलका ध्रुव आचार्यलाई नियुक्त गरेको छ ।

मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले राष्ट्रिय खेलकुद परिषद्को खाली रहेको उपाध्यक्षमा आचार्यलाई नियुक्त गरेको हो ।

बुटवल ७ शिवनगर घर भएका उनी मदन भण्डारी स्पोर्टस् एकेडेमीका अध्यक्ष हुन् ।





## सम्पादकीय

# लुम्बिनी प्रदेशसभाको सन्देश

लुम्बिनी प्रदेशलाई टुक्र्याउनुपर्ने आवाज संघीय संसद प्रतिनिधिसभामा उठेपछि लुम्बिनी प्रदेशसभामा खबरदारी सुरु भएको छ। लुम्बिनी प्रदेशलाई टुक्र्याउनसक्दा मुलुकमा अस्थिरता श्रृजना गर्न सकिन्छ भन्ने विश्लेषण गरेका शक्तिकेन्द्रहरुलाई बल पुग्ने गरी बाँके–२ का सांसद सूर्य ढकालले गएको प्रतिनिधिसभा अधिवेशनमा बाँके र बर्दियालाई कर्णाली प्रदेशमा गाभ्नुपर्ने धारणा राखेका थिए। ढकालले प्रतिनिधिसभामा राखेको यो धारणाले संघीय शासन प्रणालीलाई संस्थागत गर्नुको साटो अस्थिर बनाउन बल पुग्छ।

संघीय शासन प्रणालीलाई संस्थागत गर्न प्रदेश संरचनाले काम गर्न पाउनुपर्छ। प्रदेश संरचनामा राजनैतिक नेतृत्व स्थापित त भएको छ, तर यो राजनैतिक नेतृत्वले काम गर्ने अवसर पाएको छैन। प्रदेश सरकारले संवैधानिक प्रबन्धअनुसार काम गर्न कानुनी प्रबन्ध भएको छैन। संघीयता कार्यान्वयनसँग सम्बन्धित ४० वटा कानुन तत्काल बन्नुपर्ने निष्कर्ष राष्ट्रिय सभाको विधायन समितिले निकालेर सरकारलाई बुझाइसकेको छ। अहिलेको काम भनेको संविधान कार्यान्वयन नै प्राथमिकता हो। संवैधानिक प्रबन्धअनुसार कानुन बनाउनका लागि प्रतिनिधिसभाको ध्यानाकर्षण गराउनुपर्ने सदस्यहरु कुन जिल्ला कहाँ रहनुपर्छ भन्ने बहसमा उत्रनु स्वभाविक हुन सक्तैन्। मुलुकमा अस्थिरता बढाउने समूह सक्रिय भइरहेको बेला प्रतिनिधिसभा सदस्यले गैरजिम्मेवार अभिव्यक्ति दिएको विषय लुम्बिनी प्रदेशसभामा छलफलको विषय बन्यो। यो छलफलले लुम्बिनी प्रदेशसभा परिपक्क हुँदै गएको पुष्टि भएको छ। नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक इन्द्रजित चौधरी र नागरिक उन्मुक्ति पार्टीका प्रमुख सचेतक राजकुमार चौधरीले मंगलबार प्रदेशसभा अधिवेशनको पहिलो बैठकमै संविधान विरोधी गतिविधि भइरहेको प्रति प्रदेशसभा र सरकारको ध्यानाकर्षण गराएका छन्। माओवादी केन्द्र संसदीय दलका प्रमुख सचेतक चौधरीले प्रदेशसभाले प्रतिवाद गर्नुपर्ने धारणा राखेर विषयको प्रवेश गराएका छन्।

लुम्बिनी प्रदेश विगतको तीन आञ्चलिक मनोविज्ञानले बनेको छ। लुम्बिनी, राप्ती र भेरीको तीन आञ्चलिक मनोविज्ञानले बनेको यो प्रदेश जाति, भाषा, संस्कृति र भूगोलमा पनि विविधता छ। हिमाल, पहाड, भित्री मधेश र तराई भएको यो प्रदेशलाई 'मिनी नेपाल' को रुपमा पनि चित्रित गरिन्छ। बाँके र बर्दिया कर्णालीमा गाभ्दा के फाइदा हुन्छ ? र लुम्बिनीमै रहँदा के बेफाइदा भएको छ ? यस बारेमा कुनै अध्ययन विना सस्तो लोकप्रियताका लागि समाजलाई भड्काउने ढंगले आएका गैरजिम्मेवार अभिव्यक्तिलाई प्रदेशसभाले गम्भीर रुपमा लिनुपर्छ। प्रदेशको रेखाङ्कन संविधान बनाउँदा धेरै छलफल र बहसबाट भएकाले धेरै अहिले बेमौसमी बाजा बजाउनु गैरजिम्मेवार क्रियाकलाप हो।

लुम्बिनी प्रदेशलाई एकीकृत राख्ने हिसाबले नै प्रदेश मुकाम राप्ती उपत्यका तोकेको प्रदेशसभाले लुम्बिनी प्रदेशको एकता विरोधी कुनै गतिविधि भए सशक्त प्रतिवाद गर्नु स्वभाविक हुन्छ। प्रतिनिधिसभा सदस्य हुँदै कतिपय राजनैतिक दलका नेता र कार्यकर्ता प्रदेश टुक्र्याउने गतिविधिमा लाग्न सक्ने जोखिमलाई पनि विश्लेषण गरी प्रदेश सरकार अघि बढ्नुपर्छ। लुम्बिनी प्रदेशमा अस्थिरता उत्पन्न हुँदा मुलुकभर अस्थिरताको आगो बल्ने भएकाले संघीय सरकारले पनि निगरानी गर्न आवश्यक छ।

# रूख काट्न किन हतार ?



गंगा पोखरेल

*सबैले गम्भीर भएर सोचौं त एउटा वृक्ष हुर्काउन कति वर्ष लाग्छ ? त्यसको देन प्रकृतिमा, मानवमा कत्रो छ। तर, आज कति सजिलोसँग वृक्ष काट्न तम्तयार भएर लागेका छौं हामी। कति हतार रूख काट्न मान्छेलाई ? तिम्रा छोराछोरीको पनि अधिकार छ। तिम्रो मात्रै एकाधिकार नचलाऊ, कति बाँच्छौ र तिमी ? तिम्रा सन्तानलाई तिमीले भन्दा धेरै सुरक्षा यिनै वृक्षले दिनेछन्। माया लाग्छ नि है आफ्नोभन्दा धेरै आफ्ना मुटुका टुक्राको ? तसर्थ रूख काट्न हतार नगरौं।*



पख्नुस्,
त्यो रूख नकाट्नुस् !
किन काट्न लाग्या त्यो रूख ?

कहिँ कतै अन्धाधुन्ध रूख काट्न लागेको देखे प्रायः यसै भन्ने गर्दछु म। मलाई रूख काटेको पटक्कै मन पर्दैन।

हामी आमा-छोरी कतै जाँदै थियौं। बाटोमा हिंड्दै गर्दा सानी छोरीले सोधिन् - आमा, त्यो ठूलो रूखलाई काटेर किन नम्बर लेखेको ? म अलमलमा परेँ। के उत्तर दिनु ? साँच्चिकै सधैँ हिंड्दै गरेको बाटोमा मैले याद नै गरेकी रहनेछु ठूला-ठूला वरपिपललगायत धेरै प्रजातिका हजारौं रूखका बोक्रा तासेर नम्बर लेखिएको रहेछ।

यो हृदयविदारक दृश्य पूर्व-पश्चिम राजमार्गअन्तर्गत पर्ने तिनाउ नदी पारिको राजमार्गको हो। यो ठाउँ भनेको वर्षमा २ महिना मात्रै जाडो हुने ठाउँ हो। बाँकी दश महिना उखरमाउलो गर्मी हुन्छ। पछिल्लो समयका गर्मीहरूमा अधिकतम तामक्रम ४५ डिग्री सेल्सियस मापन गरिएको थियो।

बाटोका दुई छेउमा रहेका सयौं वर्ष पुराना हजारौं रूखहरूमा अलिकति पेटको छाला च्यातेर नम्बरको बिल्ला लगाइएको छ। आफ्नो ढल्ने दिन कुरेर ठिङ्ग उभिइरहेका विशाल वृक्षहरू देख्दा मुटु छियाछिया हुन्छ। भनिन्छ-'हरेक प्राणी र वनस्पतिको पनि आफ्नै भाषा हुन्छ रे।' मलाई पनि त्यस्तै लाग्छ।

भरियाले भारी बिसाउने, दुःखीले आफ्नो मनको पिर बिसाउने, भत्भती पोल्ने घामबाट जोगिन टाउको लुकाउने ठाउँ हो चौतारो। हिंड्दै गर्दा बर्सिएको मुसलधारे पानीको दर्को पनि रोक्न सक्छ। त्यहीँ बाटोमा हिंड्ने साधनधारीलाई पनि चाहिन्छ चौतारो। हजारौं वृक्षमा आफ्नो जीवन निर्वाह गरिरहेका लाखौं चराचुरुङ्गीको पनि त हो चौतारो। रूखै नभए चौतारीमा को आउने ? को बस्ने ? सबैले गम्भीर भएर सोचौं त एउटा वृक्ष हुर्काउन कति वर्ष लाग्छ ? त्यसको देन प्रकृतिमा, मानवमा कत्रो छ। तर, आज कति सजिलोसँग वृक्ष काट्न तम्तयार भएर लागेका छौं हामी। कति हतार रूख काट्न मान्छेलाई ? तिम्रा छोराछोरीको पनि अधिकार छ। तिम्रो मात्रै एकाधिकार नचलाऊ, कति बाँच्छौ र तिमी ? तिम्रा सन्तानलाई तिमीले भन्दा धेरै सुरक्षा यिनै वृक्षले दिनेछन्। माया लाग्छ नि है आफ्नोभन्दा धेरै आफ्ना मुटुका टुक्राको ? तसर्थ रूख काट्न हतार नगरौं।

अन्य विकसित मुलुकमा रूख काट्नुलाई गैर कानुनी मनिन्छ। हाम्रो देशमा त कानुन बनाएरै रूख काटिरहेको देख्दा मन खिन्न हुन्छ। सडक किनारमा वृक्षरोपण गरौं। भएका रूख जोगाऔं। रूख बाँच्न सके मात्र हामी बाँच्न सक्नेछौं।

स्कुलमा गरुङ्गो झोला बोकेर पढ्न गएका तिम्रा छोराछोरीलाई पनि सोध। सयौं वर्ष पुराना रूख काटौ कि नाईं भनेर ? तिनीहरूको पनि जवाफ सुन। के भन्छन् तिनीहरुले ? अहिले यी रूख काटेर विकासको नमूना तयार गर्दैछौं नि तिमी ? तिमीले भुलिसक्यौ तिमीलाई नेपाली शिक्षकले पढाएको 'अन्तिम भोज' को कथा। तिमीलाई भन्दा धेरै थाहा छ, तिम्रा छोराछोरीलाई। दिनानुदिन पृथ्वीको तापक्रम बढ्दै गइरहेको कुरा। अनेकौं भाइसरहरू उत्पन्न भैरहेको कुरा। माइक्रो प्लास्टिक र नानोमाइक्रो प्लास्टिक हाम्रो पेटभित्र पर्न लागेको कुरा। अहिले हावामा देखिएको वायु प्रदूषणको कुरा तिमीलाई भन्दा धेरै तिम्रा छोराछोरीलाई थाहा छ, एकछिन घरमा बसेको बेला यसको बारेमा पनि चर्चा गर्ने गर।

बाटो राम्रो छ, चलिरहेकै छ। यात्रीहरू आफ्नो समयमा आफ्नो गन्तव्यमा पुगेकै छन्। अर्बौंको लगानीमा ६ लेनको बाटो बनाउने रे। यति धेरै सुविधा चाहिएको छैन, नेपालीलाई। अहिले आर्थिक मन्दीको चरम चपेटामा परेको छ देश। व्यवसाय डुब्दै गैरहेको छ। दक्ष युवाशक्ति सबै विदेशिए। महँगीले आकाश छोएको छ। जति मिहिनेत गरे पनि खान, बस्न नपुग्ने स्थिति नेपालीको आइसक्यो। आयातित सामानले बजार ढाकेको छ। मान्छेहरू ऋणले चुर्लुम्म डुबेका छन्।

निकास कतै देखिंदैन। कतिले त आत्महत्या पनि गरिसके। यस्तो अवस्थामा पहिला उत्पादन बढाऊ नेपालीलाई आत्मनिर्भर कसरी बनाउन सकिन्छ। त्यसतर्फ ध्यान देऊ। देशलाई आत्मनिर्भर बनाउनेतर्फ मात्रै ध्यान देऊ। विकास गर्दै खन्ने भत्काउने गर्दै गरौंला। अँ साँच्चै, बरू त्यो तुइन हटाएर त्यहाँ झोलुङ्गे पुल बनाइदेऊ। कालापानीमा नेपालको सीमा कुरिरहेका नेपालीले भारतको बाटो प्रयोग गरिरहेका छन्। उनीहरूले गाडीको बाटो पनि होइन नेपालमै पैदल बाटोको माग गरेका छन्। बरू त्यहाँ बनाइदेऊ बाटो। त्यो पनि नेपाल नै हो। त्यहाँ पनि नेपाली नै बस्छन्। दुरदराजका दुर्गम बस्तीहरूमा औषधि उपचार पुऱ्याऊ। शिक्षाको पहुँच बढाऊ। धेरै छन् गर्नुपर्ने अत्यावश्यक कामहरू।

शान्त चलिरहेको तराईको बाटो एकछिन नचलाऊ। बाटो हेर समयको। समयले सब ठिक गर्नेछ। हतार गर्नुछ भने रूख रोप्न हतार गरौं। किन काट्न हतार गर्ने ? विकास गर्नुको अर्थ प्रकृति मास्नु होइन। ती रूखले के बिगारेका छन् र तिनलाई मृत्युदण्ड दिने ? बिन्ती छ, अहिले धुलो नउडेको सडकमा धुलो उडाउने काम नगरौं। जति ठाउँमा काम सुरू भएको छ पहिला त्यो काम जति सक्दो छिटो सकौं। रूख भएको ठाउँमा थप क्षति नगरौं।

अन्य विकसित मुलुकमा रूख काट्नुलाई गैर कानुनी मनिन्छ। हाम्रो देशमा त कानुन बनाएरै रूख काटिरहेको देख्दा मन खिन्न हुन्छ। सडक किनारमा वृक्षरोपण गरौं। भएका रूख जोगाऔं। रूख बाँच्न सके मात्र हामी बाँच्न सक्नेछौं। आफ्नो आयु लम्ब्याउने अचुक उपाय नै पर्यावरण जोगाउनु हो। पर्यावरण जोगाउन पहिला त रूखै जोगाउनु पर्यो नि, होइन र ? अनि, रूख काट्न किन हतार ?

# जाडो मौसममा वृद्धवृद्धाको स्याहार कसरी गर्ने ?



डा. विन्दु पाण्डे के.सी.

**खानपानमा कस्तो ध्यान पुऱ्याउनुपर्छ ?**

जाडोका बेला वृद्धवृद्धामा विभिन्न स्वास्थ्य समस्या देखिन सक्ने भएकाले विशेष ख्याल पुऱ्याउनुपर्छ। सबैभन्दा धेरै रुघाखोकी, निमोनिया तथा कब्जियतका समस्या देखिन सक्छन्।

कब्जियतले गर्दा खाना मन नलाग्ने हुन्छ भने चिसोका बेला पानी कम पिइने हुँदा पिसाब कम भएर संक्रमणको सम्भावना बढी हुन्छ। यस्तै, कसै-कसैलाई पिसाब लगाउने औषधि दिइएको रहेछ भने पनि शरीरमा पानीको कमी हुन सक्छ।

अर्को चिप्लिएर लड्ने समस्या हो। हिटर बाल्दा, एसी प्रयोग गर्दा झ्याल-ढोका बन्द गरिन्छ। जसले गर्दा कोठाभित्र चिसो मोइस्चर बस्छ, जुन हतपति सुक्दैन र चिप्लिएर लड्ने सम्भावना हुन्छ।

मधुमेह लागेका मानिसमा त सेन्सेसन कम हुने र लड्ने सम्भावना झनै रहन्छ। एकपटक लडेपछि त्यसले धेरै समस्या निम्त्याउन सक्छन्। जस्तो, शरीरका हड्डी भाँचिन सक्छन्। बिरामी लामो समय ओछ्यानमै रहनुपर्ने हुँदा फेरि अर्को समस्या आउन सक्छ।

एसीले हावा सुख्खा हुने, आँखा सुक्ने-चिलाउने हुन सक्छ। तसर्थ हुयुमिडिफायरसमेत प्रयोग गर्दा कोठाको हावा त्यति सुख्खा हुन पाउँदैन।

**हिंड्दासमेत ख्याल गर्नुपर्छ**

वृद्धवृद्धाले हिँड्डुलमा समेत विचार पुऱ्याउनुपर्छ। सकेसम्म सहयोगीको साथमा हिंड्डुल गर्नु उपयुक्त हुन्छ। मर्निङ वाक पनि घाम लागेपछि गर्ने, छोटो-छोटो दुरीमा हिड्ने अनि आराम गर्ने गर्नुपर्छ। असमान बाटो, खुड्किलो, उकालो-ओरालो, सडक पेटीमा हिड्नुहुँदैन। अलि अलि उकालो हिँड्न सकिए पनि सकेसम्म धेरै ओरालो हिंड्नुहुँदैन।

आफ्नो शारीरिक अवस्थाअनुसार २० देखि ४० मिनेटसम्म योगा तथा ध्यान गर्दा शारीरिक रुपमा स्वस्थ हुन मद्दत पुग्छ।

**शारीरिक तथा मानसिक परिवर्तन**

यस्तै, उमेर बढ्दै जाँदा शारीरिक गतिविधि तथा खानपान कम हुँदै जान्छ। दीर्घरोग नभएको अवस्थामा पनि उमेर अनुसारको परिवर्तन हुँदा वृद्धवृद्धाहरु शारीरिक तथा मानसिक दुवै रुपमा बढी संवेदनशील हुँदै जान्छन्। सन्तान तथा परिवार सधैँ सँगै बसिदेउन्, आफूले भनेका कुरा सुनिदेउन् भन्ने अपेक्षा हुन्छन्।

त्यसैले दिनभरि एक्लै भएका बेला उनीहरुलाई मन पर्ने कुरा उपलब्ध गराउन सकिन्छ। जस्तो, रेडियो सुन्ने, टेलिभिजन हेर्ने, पत्रपत्रिका पढ्ने, लेख्ने जस्ता कुराहरुमा व्यस्त बनाउन सकिन्छ। जसले गर्दा उनीहरुले एक्लो महसुस नगरुन्।

सम्भव भएसम्म मानसिक स्वास्थ्यको हिसाबले २-३ महिनामा एक पटक चिकित्सकसँग भेट्ने, आफ्नो कुरा राख्ने गर्नुपर्छ। यसो गर्दा मानसिक स्वास्थ्य राम्रो बनाउन मद्दत पुग्ने हुन्छ।

त्यस्तै, छिमेकीहरुसँग बोलचाल गर्ने, चिया खाने, गफ गर्ने तथा स्थानीयहरुको समूह बनाएर आफूलाई व्यस्त तथा अरुको सेवामा समय दिने गर्दा मनमा आनन्द हुने तथा सक्रिय हुने अवसर मिल्छ।

**रोग प्रतिरोधी क्षमता**

मानिसको उमेर बढ्दै गएपछि तुलनात्मक रुपमा रोगप्रतिरोधी क्षमता कम हुँदै जान्छ, जसका कारण चाँडै संक्रमण हुने र रोग लाग्ने सम्भावना बढी हुन्छ। पाचन क्षमता पनि कमजोर हुन्छ, जसले गर्दा अपचको समस्या उत्पन्न हुने, एसिडिटी बढ्ने, अमिलो पानी आउने आदि हुन सक्छ। कहिलेकाहीँ बुबाआमाले चिसो खानेकुरा खाएर पखाला लागेको भन्नुहुन्छ। त्यस्तो नभई चिसोले कोल्ड डायरियाचाहिँ हुन सक्छ।

यस्तै, चिसोका कारण नसाहरुलाई पनि बढी काम गर्नुपर्ने भएकाले हृदयाघात तथा पक्षघात निम्तन सक्छ भने डिहाइड्रेसनका कारण पनि हृदयाघात हुन सक्छ।

**खानपानमा कस्तो ध्यान पुऱ्याउनुपर्छ ?**

जाडोमा यो खानेकुरा खानुपर्छ, यो खानुहुन्न भन्ने केही पनि छैन। पहिले जुन खानेकुरा खाँदै आइरहनु भएको छ, जति रुच्छ, त्यही खान दिनुपर्छ।

यो उमेरमा यसै त आहारा घटेको हुन्छ, झन् त्यसमाथि खानेकुरा घटाउनुहुन्न। यो कुरा खानुहुन्छ, यो हुँदैन भनेर रोक लगाउनुपर्दैन। कसै-कसैलाई दूधसँग एलर्जी हुने, नपच्ने, डायरिया हुने हुनसक्छ। कसैलाई साग नपच्न सक्छ। यस्तो अवस्थामा ती चिज दिनुहुन्न।

गेडागुडी सिठ्ठी लगाए झोलिलो बनाएर दिनुपर्छ। माछा मासु खानुहुन्छ भने चिल्लो, पोलेको, तारेको नभई राम्रोसँग पाकेको, चपाउन तथा पचाउन सजिलो हुने खालको दिनुपर्छ। सुगर, प्रेसर छ भने पनि मासु नखानु है भन्न पर्दैन, किनभने औषधि खाइरहनुपर्ने भएकाले त्यसले सन्तुलन मिलाउँछ। खाना खाँदा एकै पटक टन्न खानुभन्दा थोरै-थोरै खानेकुरा धेरै पटक गरेर खानु उपयुक्त हुन्छ।

चिसोका बेला डिहाइड्रेसनका कारण सुगर लेभल बढ्ने हुन्छ। पर्याप्त मात्रामा शरीरलाई पानी अथवा झोलिलो पदार्थ पुगेको छैन भने त्यसले सुगर बढाउँछ। अथवा, कुनै अंगमा संक्रमण छ कि भनेर हेर्नुपर्छ। डिहाइड्रेसनका कारण पक्षघात तथा स्ट्रोक हुने, पिसाबको संक्रमण हुनेजस्ता समस्या निम्तन्छन्।

यसैले प्यास नलागे पनि पानी पिउने, पानीको मात्रा हुने भएकाले फल फुल खाने, गाजर मुला, काँक्रोजस्ता कुरा दिने गर्नुपर्छ।

**तातोको सम्पर्कमा आइरहने**

चिसोका बेला तातो चाहिन्छ। सबैभन्दा राम्रोचाहि सुतीको न्यानो कपडा लगाइदिनुपर्छ। बुढ्यौलीमा ओस्टियो आर्थराइटिस, ओस्टियोपोरोसिस, घुँडा खिइनेजस्ता रोग लाग्छन्। त्यसमाथि पनि मोटो लुगा लगाइदियौं भने उठ्न, बस्न, हिंड्डुल गर्न गाह्रो हुन्छ। हिटर अथवा एसीबाट कोठालाई तातो बनाउन सकिन्छ। तर, तापक्रम उच्च हुन नहुनेतर्फ ख्याल गर्नुपर्छ।

शरीर तताउन आगो ताप्दा एकातिर आगलागी हुने जोखिम हुन्छ भने अर्कोतिर धुवाँले श्वासप्रश्वासको समस्यालाई झन् जटिल बनाउँछ। कोठा सबैतिर बन्द गरेर मकल बाल्दा अक्सिजनको कमी भएर निसास्सिने र ज्यानै जान सक्छ। वृद्धवृद्धाको स्वास्थ्यका लागि यी कुरामा झनै ख्याल गर्नुपर्छ। घाम ताप्दा शरीरलाई ऊर्जा प्राप्त हुने तथा भिटामिन डी शरीरले सोस्ने हुन्छ। खासगरी बिहान १० देखि अपराह्न २ बजेसम्मको घाम उपयुक्त मानिन्छ। तर, घामले शरीर डढ्न पनि सक्ने भभएकाले सनब्लक लगाउने या अनुहारलाई छायाँमा पार्ने गर्नुपर्छ।

**कब्जियतको समस्या**

बुढ्यौलीमा हुने धेरैजसो समस्या हो, कब्जियतको। वृद्ध अवस्थामा पुगेपछि शरीरमा पानीको कमी, शारीरिक अभ्यास नहुनु, हिँड्डुल कम हुनेजस्ता कारणले कब्जियत हुने हुन्छ।

यस्तो अवस्थामा पानी बढी सेवन गर्ने, लठ्ठीको सहायताले पनि हिँड्डुल गर्ने, झोलिलो पदार्थ बढी खाने गर्नुपर्छ। साथै फाइबर बढी भएको अन्न तथा फलफूल खानुपर्छ।

नर्भिक अस्पतालले दिने उपचार तथा सेवामा विश्वास गरेर देशभरबाट ज्येष्ठ नागरिक उपचारका लागि आउनुहुन्छ। उहाँहरुको उपचार सेवा अझ सहज होस् भनेर अस्पतालले जेरियाट्रिक ओपीडी सुरु गरेको छ। अब हामी जेरियाट्रिक वार्ड स्थापना गर्ने उद्देश्यअनुसार अघि बढेका छौं।

(डा. केसी नर्भिक अस्पतालका जनरल फिजिसियन तथा इमर्जेन्सी विभागका प्रमुख हुन्।) स्वास्थ्य खबरबाट

# नेप्से परिसूचक पाँच दशमलव १० अङ्कले बढ्यो



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा पछिल्लो तीन महिनायताकै न्यून कारोबार देखिएको छ।

बुधबार नेप्से परिसूचक पाँच दशमलव १० अङ्कले बढेर दुई हजार पाँच सय ८१ दशमलव ६० को बिन्दुमा पुग्दा कारोबार रकम भने साढे तीन अर्ब हाराहारीमा खुम्चिएको हो। तीन सय नौ कम्पनीको ९४ लाख ३४ हजार नौ कित्ता शेयर ४३ हजार सात सय २९ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ५९ करोड ७४ लाख ४५ हजार तीन सय ३४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ। यो कारोबार रकम गत असोज अन्तिम सातायताकै न्यून हो।

मङ्गलबारको कारोबारमा उच्च गिरावट देखिएको वित्त समूह बुधबार सम्हालिएर उच्च वृद्धि देखिएको छ। वित्त समूह तीन दशमलव ८७, विकास बैंक एक दशमलव ६८ र जलविद्युत् समूह एक दशमलव २४ प्रतिशतले बढेको छ। त्यस्तै, होटल तथा पर्यटन शून्य दशमलव ९५, लगानी शून्य दशमलव शून्य नौ, उत्पादन तथा प्रशोधन शून्य दशमलव २५, निर्जीवन बिमा शून्य दशमलव २२ र व्यापार समूह शून्य दशमलव ६३ प्रतिशतले बढको छ।

अरु समूहको उपसूचकमा भने गिरावट देखिएको छ। बैंकिङ शून्य दशमलव ७२, जीवन बिमा शून्य दशमलव शून्य छ, लघुवित्त शून्य दशमलव १६, म्युचुअल फन्ड शून्य दशमलव १७ र अन्य समूह शून्य दशमलव ४१ प्रतिशतले घटेको हो।

त्रिशूली जलविद्युत् कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लाग्दा सर्पोट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ। कारोबार रकमका आधारमा सबैभन्दा बढी एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रु २१ करोड ८२ लाख १७ हजार तीन सय ४९ बराबरको शेयर खरिदबिक्री भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा सन्राइज ब्लुचिप फण्डको १७ लाख ३४ हजार पाँच सय ८९ कित्ता शेयर किनबेच भएको छ।

## औद्योगिक व्यापार मेला :

# को–कसले पाए उपाधि

बुटवल । बुटवलमा सञ्चालित औद्योगिक व्यापार मेलामा आयोजना गरिएका सबै प्रतियोगिता सकिएका छन् । बुटवल उद्योग वाणिज्य संघले यहि पुस ३ गतेदेखि सञ्चालन गरेको मेला समापन हुनुभन्दा अघिल्लो दिन बुधबार सबै प्रतियोगिता सकिएको मेला प्रचार प्रसार उपसमितिका संयोजक दीपकप्रसाद चापागाईंले जानकारी दिए ।

मेलामा आयोजना गरिएको खुल्ला लोक दोहोरी गीत प्रतियोगितामा खस्यौली रोधी क्लब बुटवल प्रथम भएको छ । बुधबार भएको फाइनल प्रतिस्पर्धामा दरबार रोधी क्लब काठमाडौंलाई पछि पार्दै खस्यौली प्रथम भएको हो । प्रतियोगितामा दरबार रोधी क्लब द्वितीय भएको छ । त्यसैगरी राष्ट्रिय लोक तथा दोहोरी गति प्रतिष्ठान पाल्पा र राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान वागलुङ समान अंकसहित तृतीय भएका छन् ।

प्रतियोगितामा प्रथम हुने खस्यौली रोधी क्लब बुटवलको समुहलाई ७५ हजार रुपैयाँ नगद पुरस्कारसहित प्रमाणपत्र तथा गिफ्ट ह्याम्पर प्रदान गरिएको छ । त्यसैगरी द्वितीय हुने दरबार रोधी क्लब काठमाडौंको समूहलाई ५० हजार, तृतीय हुने राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान पाल्पा र राष्ट्रिय लोक तथा दोहोरी गित प्रतिष्ठान बागलुङको समूहलाई समान १८ हजार रुपैयाँ नगद पुरस्कारसहित प्रमाण पत्र प्रदान गरिएको छ ।

त्यसैगरी मेलामा आयोजना गरिएको टिकटक प्रतियोगितामा टिकटकर नेत्र न्यौपाने प्रथम, ऊसा खत्री द्वितीय र गणेश सापकोटा तृतीय भएका छन् । टिकटक प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने टिकटकर न्यौपाने, खत्री र सापकोटालाई क्रमशः २० हजार, १० हजार र ५ हजार रुपैयाँ नगद पुरस्कारसहित प्रमाणपत्र र गिफ्ट ह्याम्पर प्रदान गरिएको छ ।

बुधबार नै भ्वाइस अफ बुटवल र डान्स च्याम्स अफ बुटवलको पनि फाइनल भएको छ । मेलामा आयोजना गरिएको भ्वाइस अफ बुटवलको उपाधि रुपन्देहीको मणिग्राम निवासी प्रवेश न्यौपानेले प्राप्त गरेका छन् । भ्वाइस अफ बुटवलको उपाधिसहित न्यौपानेलाई ५५ हजार रुपैयाँ नगद पुरस्कार, प्रमाण पत्र, गिफ्ट ह्याम्पर प्रदान गरिएको सांस्कृतिक कार्यक्रम संयोजक निर्मित कसजूले जानकारी दिए ।

त्यसैगरी भ्वाइस अफ बुटवलमा पर्वत रानीपानीका पवन अधिकारी फस्ट रनर अप र देवदह ७ का सचिन विश्वकर्मा सेकेन्ड रनर अप भएका छन् । उनीहरुलाई क्रमशः ३० हजार र २० हजार रुपैयाँ नगद पुरस्कारसहित प्रमाण पत्र पदान गरिएको छ ।

त्यस्तै डान्स च्याम्स अफ बुटवलको उपाधि बुटवल प्रगतिनगरका किरण मगरले प्राप्त गरेका छन् । उनलाई उपाधिसहित ३५ हजार रुपैयाँ नगद पुरस्कार, प्रमाणपत्र र गिफ्ट ह्याम्पर प्रदान गरिएको छ । त्यसैगरी प्रतियोगितामा बुटवल देवीनगरका जोयना थापा फस्ट रनर अप र बुटवल लक्ष्मीनगरकी संजीता मगर सेकेन्ड रनर अप भएका छन् । उनीहरुलाई पनि क्रमशः २० हजार रुपैयाँ र १० हजार रुपैयाँ नगद पुरस्कार, प्रमाण पत्रसहित गिफ्ट ह्याम्पर प्रदान गरिएको छ ।

बुटवल उप-महानगरपालिका र नेपाल उद्योग वाणिज्य महासंघको संरक्षकत्वमा यहि पुसको ३ गतेदेखि अन्तर्राष्ट्रिय प्रदर्शनीस्थल बुटवल मण्डपमा सञ्चालन गरिएको मेलामा खुल्ला लोक दोहोरी प्रतियोगिता, भ्वाइस अफ बुटवल, डान्स च्याम्स अफ बुटवल, टिकटक प्रतियोगितासहित विद्यालयस्तरीय लोक दोहोरी प्रतियोगिता,माध्यमिकविद्यालयस्तरीय लोकनृत्य प्रतियोगिता, भजन चुट्का प्रतियोगिता, ब्यूटि प्रतियोगिता गरिएको थियो ।

मेलामा बुधबार आधुनिक गायिका देवीका बन्दना, अस्मिता अधिकारी, आधुनिक गायक महेश काफ्ले, लोक तथा दोहोरी गायिका राधिका हमाल, राजु ढकाल, पूर्णकला विसी, श्यामकला भण्डारी, दुर्गा सापकोटा, रितु शाही, बसन्ता खनाल, हास्य कलाकार पुरुषोत्तम भण्डारीलगायतका कलाकारहरुको प्रस्तुति रहेको थियो ।

मेला आज बिहीबार सकिने छ । मेलाको समापनमा उत्कृष्ट स्टल, प्रायोजकलगायतलाई सम्मान गर्ने कार्यक्रम तय गरिएको प्रचारप्रसार समितिका संयोजक चापागाईंले जानकारी दिए ।

---

## पाणिनी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**दुर्गाफाँट, अर्घाखाँची**
**लुम्बिनी प्रदेश, नेपाल**

### नदीजन्य पदार्थको बिक्रीका लागि शिलबन्दी बोलपत्र आव्हानको सूचना ।

प्रकाशन मितिः २०८१/०९/१८ गते

स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ६४ १(च) मा भएको व्यवस्था, नेपाल सरकारको ढुङ्गा, गिट्टि, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, लुम्बिनी प्रदेश सरकार नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ तथा पाणिनी गाउँपालिकाको स्वीकृत सार्वजनिक खरीद नियमावली, २०७७ बमोजिम पाणिनी गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने (स्वीकृत खानी क्षेत्र बाहेक) तपशिलमा उल्लेखित खोला/नदी/खहरेहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी प्रदेश सरकार, लुम्बिनी प्रदेशले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०८०/०८१ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| क्र. सं | सूचना नं. | विवरण | उत्खनन् परिमाण (वार्षिक) घन. मि. | न्यूनतम बोलपत्र रकम रु. (सेवा शुल्क र मू.अ. कर बाहेक) | बोलपत्र जमानत (धरौटी रकम) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | PRM/A/ 02-081/082 | पाणिनी-८ स्थित बाँगी खोलाका विभिन्न बगर क्षेत्र | २०१३.३ | ४,२६,५९५/- | कबोल अंकको ५ % ले हुने रकम | १,०००/- |
| २ | PRM/A/ 03-081/082 | पाणिनी-८ स्थित सौर्य खोलाका विभिन्न बगर क्षेत्र | ८००५.५ | १६,९६,२७०/- | | १,०००/- |
| ३ | PRM/A/ 04-081/082 | पाणिनी-३ र ८ स्थित दुर्गा खोलाका विभिन्न बगर क्षेत्र | ८७७.५ | १,८५,९३२/- | | १,०००/- |
| ४ | PRM/A/ 05-081/082 | पाणिनी-३ र ८ स्थित वाग्ले खोलाका विभिन्न बगर क्षेत्र | ७४२.५ | १,५७,३२८/- | | १,०००/- |
| ५ | PRM/A/ 06-081/082 | पाणिनी-३ स्थित सुनटिकी पहिरो | ३६० | ७६,२८०/- | | १,०००/- |

**ठेक्का सम्बन्धी शर्तहरुः**

१- बोलपत्र फारम दस्तुर बापत यस कार्यालयको राजस्व शाखाबाट माथि उल्लिखित रकम फिर्ता नहुने गरी प्रत्येक सूचनाको लागि छुट्टाछुट्टै खरीद गर्न सकिनेछ साथै नगद जम्मा गरेको नगद रसिद साथ निवेदन पेश गरी लुम्बिनी प्रदेश सरकार नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ७ को उपदफा २ बमोजिम यो सूचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र कार्यालयबाट शिलबन्दी बोलपत्र/दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२- बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । कबोल गरेको अंकको ५%का दरले हुन आउने धरौटी रकम यस कार्यालयको ग्लोबल आइ.एम.ई. बैंक पोखराथोक शाखामा रहेको ग.३.१ पाणिनी गाउँपालिका धरौटी खाता नं. २१५०४०१००००००९ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ९० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड शिलबन्दी खामसाथ पेश गर्नुपर्नेछ ।

३- खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएको सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी शिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, सम्पर्क नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२ बजेभित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ ।

४- एक व्यक्ति, फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति, फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १: ०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५.विस्तृत जानकारी कार्यालयको सूचना पाटी, कार्यालयको बेवसाइट paninimun.gov.npतथा राजस्व शाखाबाट प्राप्त गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

---

## Purbakhola Rural Municipality
### Office of the Rural Municipal Executive
**Purbakhola, Palpa**
**Lumbini Province, Nepal**

# Invitation for Online Bids

**Notice**

Date of publication: 2081/09/18(02Jan, 2025)

Purbakhola Rural Municipality Office, Purbakhola ,Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

***Information to deposit the cost of bidding document in Bank:***

Name of the Bank: Global IME Bank Ltd., Purbakhola Palpa

Account No.:14604010000009

Account name: GA.1.1 AANTARIK RAJASWO KHATA PURBAKHOLA

Name of the Office: Purbakhola Rural Municipality Office, Purbakhola ,Palpa

Bid Validity Period:75 days.

(bidder's should submit Bid security through bank guarantee only)

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|
| RE/EGP/NCB/SQ/ PRM/07/2081-82 | Devinagar Bazar Sohakhola Sadak Staraunnati Yojana | 999,698.36 | 1000 | 27000 | 2081/10/04 12.00 Pm 1:00 Pm |
| RE/EGP/NCB/SQ/ PRM/08/2081-82 | Tamakhani Samungha Motarbato Staraunnati Yojana | 999,796.05 | 1000 | 27000 | 2081/10/04 12.00 Pm 1:00 Pm |
| EGP/NCB/SQ/ PRM/09/2081-82 | Ringneraha Koranga Aarkhaldanda Sadak Staraunnati Yojana | 997172.24 | 1000 | 26000 | 2081/10/04 12.00 Pm 1:00 Pm |

Chief Administrative Officer
Purbakhola Rural Municipality Office

---

## प्रतापपुर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**प्रतापपुर, नवलपरासी (बर्दघाट-सुस्तापश्चिम)**
**लुम्बिनी प्रदेश, नेपाल**

# आशयको सूचना

मितीः२०८१/०९/१८

उपरोक्त सम्बन्धमा प्रतापपुर गाउँ कार्यपालिकाको कार्यालय ,नवलपरासीको मिति २०८१/०७/१४ गते "राष्ट्रिय दैनिक दैनिक पत्र " पत्रिकामा प्रकाशित सूचना अनुसार तोकिएको मिति र समय भित्र e–GP system मार्फत दर्ता हुन आएका बोलपत्रहरुको प्राबिधिक प्रस्ताव रित पूर्वक दर्ता भई मिति २०८१/०८/१४ गते खोलिएका बोलपत्रहरुको मुल्यांकन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले, सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | निर्माण कार्यको नाम | आसय दिइएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल ठेक्का अंक (रू.,मु.अ.कर र PS बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | PRM/ROAD/ NCB/W/ 05-081-82 | Pratappur Ga.pa.ward no.1 dekhi adarsha schoolko pachadi bata ward 2 jodne semari jane mukhya sadak istarunnati | सुद्रव डिजाइन एंड कन्स्ट्रक्सन, प्रतापपुर-०९, नवलपरासी | ५६,६७,६२५।०० | |
| २ | PRM/BLDG/ NCB/W/ 06-081-82 | Aayurved bhawan nirman ,pratappur-06 | सुस्ता कन्स्ट्रक्सन कम्पनी प्रा.लि.,सुस्ता गा.पा.-०२, नवलपरासी | ६२,७८,२१०।३९ | |
| ३ | PRM/BLDG/ NCB/W/ 07-081-82 | Sabitri Adhar Bhut bidhyale harpur pratappur wada no. 4,pakki bhawan nirman nawalparasi(ba.su.pa.) | लक्ष्मी कन्स्ट्रक्सन रामग्राम-०५, नवलपरासी | १७,७४,१४८।९८ | |
| ४ | PRM/BLDG/ NCB/W/ 08-081-82 | Baungadhi mandir purbadhar nirman ward 1,bhithha | परमेश्वर कन्स्ट्रक्सन प्रा.लि., रामग्राम-१७,नवलपरासी | १८,९८,३३८।८९ | |

प्रमुख प्रशासकीय अधिकृत

---

## लुम्बिनी प्रदेश सरकार
### गुल्मी अस्पताल, तम्घास

### रासन सप्लाई सम्बन्धी सिलबन्दी दरभाउपत्र आब्हान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८१।०९।१८**

यस गुल्मी अस्पताल, तम्घासमा भर्ना भएका विरामीहरुका लागि आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार रासन सप्लाई गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक बिक्रेता, फर्म वा संस्थाहरुबाट १५ दिन भित्र सिलबन्दी दरभाउपत्र यस कार्यालयमा रीतपूर्वक पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रासन सप्लाई सम्बन्धी सिलबन्दी दरभाउपत्र आब्हान सम्बन्धी सूचना तथा बिस्तृत विवरण https://gulmihospital.lumbini.gov.np मा राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | दरभाउपत्र नं. | कामको विवरण | लागत अनुमान (भ्याट बाहेक) | जमानत रकम |
|---|---|---|---|---|
| १ | ०४-०८१/०८२ | रासन आपूर्ति कार्य | १६,०६,४००.६३ | ४५,०००।०० |

**नि. मे.सु.**

---


## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

### मदन भण्डारी गोल्डकप भलिबल :

# नेपाल प्रहरीको विजयी सुरुवात



बुटवल । मदन भण्डारी गोल्डकप रनिङ शिल्ड इन्डो नेपाल पुरुष भलिबल च्याम्पियनसीपको उद्घाटन खेलमा नेपाल पुलिस क्लबले विजयी सुरुवात गरेको छ।

बुटवलको रामनगर खेलमैदानमा बेस्ट अफ फाइभका आधारमा खेलाइएको खेलमा पुलिसले आयोजक मदन भण्डारी स्पोर्टस् एकेडेमीलाई ३-१ सेटले जितेको हो।

पुलिसले पहिलो सेट २५-२२, दोस्रो सेट २५-२० र चौथो सेट २५- १८ ले आयोजकलाई जितेको थियो। तेस्रो सेटमा भने आयोजक मदन भण्डारी स्पोर्टस् एकेडेमीले पुलिसलाई ३४-३२ ले पछाडि पार्दै जित निकालेको थियो।

तीन विभागीय र भारतको एक गरी ८ टिम सहभागी प्रतियोगितामा बिहीबार तीन खेल हुँदैछन्। पहिलो खेल बिहान १० बजेदेखि त्रिभुवन आर्मी र भारतीय गुजराँत स्टेट भलिबल एशोसिएसनबिच हुने एकेडेमीकी भलिबल विभाग प्रमुख चन्द्रवन्दना राईले बताइन्।

दोस्रो खेल रुकुम पश्चिम भलिबल प्रशिक्षण केन्द्र र मणिमुकुन्द भलिबल क्लब रुपन्देहीबिच हुनेछ भने तेस्रो खेल सशस्त्र प्रहरी बलको एपीएफ क्लब र गल्कोट भलिबल क्लब बागलुङबिच हुनेछ।

एकेडेमीले आफ्नो १६औं स्थापना दिवसको अवसर पारेर आयोजना गरेको प्रतियोगिताको लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले उद्घाटन गरेका थिए। प्रतियोगिता उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले मदनको विचारलाई आत्मसाथ गर्दै स्थापनमा भएको मदन भण्डारी स्पोर्टस् एकेडेमीमा खेलाडी र प्रशिक्षक उत्पादन र प्रवर्द्धन गर्न आवश्यक सहयोग गर्न प्रदेश सरकाकार तम्तयार भएको बताए।

संस्थापक अध्यक्ष रमेश शिलवाल, भलिबल संघका उपाध्यक्ष भरत शाह, संविधानसभा सदस्य राधाकृष्ण कंडेल, प्रतिनिधिसभा सदस्य बासुदेव घिमिरेलेलगायतले बोल्दै मदन भण्डारी स्पोर्टस् एकेडेमीले खेलकुदको विकासका लागि गरेका क्रियाकलापमा हातेमालो गर्ने प्रतिबद्धता जनाए।

उद्घाटन खेलमा मदन भण्डारी गोल्डकप नेपालको पहिलो एथलेटिक्स प्रशिक्षक मधुशमशेर जबरालाई ५१ हजार रुपैयाँ राशीले सम्मान गरिएको छ। एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले खेलकुदको विकास र दक्ष खेलाडी निर्माणकालागि स्थानीयतहदेखि प्रदेश हुँदै संघसम्म कमिटी निर्माणगरी विद्यालयदेखि विश्वविद्यालय हुँदै ओलम्पीकसम्म खेलगतिविधि सञ्चालन गरिरहेको बताए। २४ गतेसम्म चल्ने प्रतियोगिताको विजेताले ७ लाख, उपविजेताले ३ लाख ५० हजार, तेस्रोले एकलाख ७५ हजार, सान्त्वना हुने टिमले एक लाख तथा विधागततर्फ उत्कृष्ट खेलाडीहरुले प्रति खेलाडी २५ हजार रुपैयाँका दरले पुरस्कार प्राप्त गर्ने एकेडेमीका सचिव अमृता अनमोलले बताइन्।

# महाकवि देवकोटा क्याम्पसमा १४औं क्याम्पस सभा



सुनवल। महाकवि देवकोटा क्याम्पसको आयोजनामा यसै क्याम्पसको सभाहलमा बुधबार क्याम्पसमा एक वर्षसम्म भए गरेका सम्पूर्ण गतिविधिहरु सरोकारवालाहरु समक्ष पुर्याउने उद्देश्यले क्याम्पसको १४औं क्याम्पस सभा सम्पन्न भएको छ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेको अध्यक्षता, प्रतिनिधिसभा सदस्य सांसद, पूर्व मन्त्री ध्रुवबहादुर प्रधानको प्रमुख आतिथ्यता, सुनवल नगरपालिकाका नगर प्रमुख विमला अर्यालको विशिष्ट आतिथ्यता, क्याम्पस संस्थापक अध्यक्ष एवम् क्याम्पस संरक्षक थानप्रसाद गैरे, निवर्तमान अध्यक्ष एवम् क्याम्पस संरक्षक विष्णुप्रसाद पौडेल द्वयको विशेष आतिथ्यतामा सम्पन्न भएको उक्त सभामा रामग्राम नगरपालिकाका पूर्व नगर प्रमुख किरन ज्ञवाली, सुनवल नगरपालिका वडा नं. ४ का वडाध्यक्ष बालकृष्ण पङ्गेनी, उद्योग वाणिज्य संघ नेपालका केन्द्रीय सदस्य, एवं क्याम्पस संरक्षक केशवप्रसाद भण्डारी, उद्योग वाणिज्य संघ सुनवलका अध्यक्ष, क्याम्पसको चौतर्फी विकासमा महत्वपूर्ण योगदान पुर्याउने क्याम्पस सञ्चालक समितिका वर्तमान तथा पूर्व पदाधिकारी, सल्लाहकार समितिका वर्तमान तथा पूर्व पदाधिकारीलगायतको सहभागितामा सभा सम्पन्न भएको थियो।

कार्यक्रममा विशिष्ट अतिथि अर्यालले नगरपालिका क्याम्पसलाई जस्तो सुकै सहयोग गर्न पनि तयार रहेको भन्दै क्याम्पस सुनवलको गहना भएको बताए। त्यस्तै प्रमुख अतिथि सांसद प्रधानले यस क्षेत्रमै अब्बल क्याम्पसका रुपमा स्थापित देवकोटा क्याम्पसलाई आगामी दिनमा पनि सहयोग गर्ने विचार व्यक्त गरेका थिए।

उक्त सभामा क्याम्पस प्रमुख नारायणप्रसाद ढकालले क्याम्पसको आर्थिक, भौतिक र शैक्षिक पक्षहरु समेटिएको क्याम्पस 'प्रतिवेदन २०८१' सभामा प्रस्तुत गरेका थिए। सभाले क्याम्पसको वार्षिक 'प्रतिवेदन २०८१', निर्णय पुस्तिका प्रमाणित गर्न क्याम्पस सभाबाट दुई जना व्यक्ति तोक्ने र चालु वर्षको लेखापरीक्षक नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने लगायतका प्रस्तावहरु पारित गरेको थियो।

क्याम्पसका संस्थापक अध्यक्ष थानप्रसाद गैरे, निवर्तमान अध्यक्ष विष्णुप्रसाद पौडेल, पूर्व क्याम्पस प्रमुख श्रवणकुमार कुशवाहा, अनिल कुमार बस्नेतलाई सम्मान पत्र प्रदान गरिएको थियो। क्याम्पस सभाको विशेष अवसरमा क्याम्पसमा उत्कृष्ट कार्य गर्ने सहायक क्याम्पस प्रमुख प्रकाश जि.सी. साथै लेखापाल कलकबहादुर क्षेत्रीलाई प्रशंसा पत्र प्रदान गरिएको थियो। सोही अवसरमा शिक्षक विकास रानाको संयोजकत्वमा गठित अनुसन्धान व्यवस्थापन शाखाद्वारा प्रकाशनको तयारी गरेको र जम्मा सात वटा अनुसन्धानात्मक लेख समेटिएको देवकोटा जर्नल अफ इनटरडिसिपिलिनरी स्टडिजको भोलुम ६ विमोचन गरिएको थियो। सभामा क्याम्पसको नयाँ मोबाइल एप र वेभसाइट समेत लन्च गरिएको थियो।

कार्यक्रममा सल्लाहकार संयोजक बोधराज घिमिरे, सल्लाहाकर सदस्य यज्ञ प्रसाद पाण्डे, क्याम्पस आजीवन सदस्य कृष्ण बन्धु अर्याललगायतले शुभकामना मन्तव्य प्रस्तुत गरेका थिए। सभामा समापन मन्तव्य प्रस्तुत गर्दै सभाध्यक्ष लामिछानेले क्याम्पसले सोचेअनुसारका लक्ष्यहरु प्राप्त गरिरहेको र त्यसको श्रेय क्याम्पस सभाका सबै मान्य सदस्यहरुलाई नै जान्छ भन्दै क्याम्पसको विकासमा आफूलाई साथ र सहयोग पुर्याउने सम्पूर्ण महानुभावलाई धन्यवाद दिएका थिए। सुनवल नगरपालिका वडा नं. ४ का वडाध्यक्ष बालकृष्ण पङ्गेनीको स्वागत मन्तव्य रहेको उक्त सभाको सञ्चालन उप-प्राध्यापक हरिदत्त शर्माले गरेका थिए।

# रोट्र्याक्ट डिस्ट्रिक्ट ३२९२ को राष्ट्रिय सम्मेलन बुटवलमा हुँदै




बुटवल। रोट्र्याक्ट डिस्ट्रिक्ट ३२९२ नेपाल-भुटानको १७औं राष्ट्रिय सम्मेलन बुटवलमा हुने भएको छ। पुसको १९ र २० गते बुटवलमा हुने सम्मेलनको तयारी पूरा भएको आयोजकले जनाएका छन्। रोट्र्याक्ट डिष्ट्रिक्ट ३२९२ नेपाल भुटानको वर्ष २०२४/२५ को लागि राष्ट्रिय अध्यक्ष अर्थात डि.आर. रोट्र्याक्टर विक्रम क्षेत्रीले सम्मेलनको सबै तयारी पूरा भएको जानकारी दिए। सहभागीहरुको रजिष्ट्रेसन बापत संकलन गरिएको रकमसँगै केही स्थानीय तह र उद्योगी व्यवयासिक संघ संस्थाको सहयोगमा राष्ट्रिय सम्मेलन आयोजना गर्न लागिएको उनले बताए।

बुटवल रामनगरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा रोट्र्याक्ट क्लब अफ बुटवल साउथको आतिथ्यतामा हुने सम्मेलनमा देशभरबाट एक हजारबढि रोट्र्याक्टर, शुभेच्छुक तथा अभियान्ताहरुको सहभागिता रहने पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

सम्मेलनमा ३ वटा प्यानल डिष्कसन समेत राखिएको डिष्ट्रिक्ट मिडिया संयोजक आविस्कार खनालले जानकारी दिए। उनका अनुसार सम्मेलनको उद्घाटन युवा नेता चन्द्र भण्डारीले गर्ने र कार्यक्रममा युवा नेता ज्ञानेन्द्र शाही, ठाकुर गैरेलगायतका नेताहरुको सहभागिता हुनेछ। यस्तै आध्यात्मिक शेसन र विजनेश शेसन गरी अन्य थप २ वटा शेसन समेत आयोजन गरिने छ।

सम्मेलनमा सहभागीहरुको लागि बुटवलको लुम्बिनी केबलकार लगायत विभिन्न स्थानको भ्रमणसहितको कार्यक्रम समेत तय गरिएको मिडिया संयोजक खनालले जानकारी दिए।

रोट्र्याक्ट क्लब अफ बुटवल साउथ सह-आयोजनामा हुन लागेको सम्मेलनमा देशभरबाट आउने पाहुनाहरुको लागि बस्नको लागि बुटवलका होटल व्यवसायीहरुसँग सहकार्य गरी केही छुटमा राख्ने गरी काम गरिएको क्लबका अध्यक्ष सुदिप पौडेलले बताए। उक्त कार्यक्रम सम्पन्न गर्नकालागि देशैभरीका २० रोट्र्याक्ट क्लबहरुले सहआतिथ्यताको भूमिका निभाएका छन्।

हार्दिक बधाई तथा शुभकामना
३७ औं वर्ष प्रवेश
निजी क्षेत्रबाट निरन्तर रुपमा प्रकाशित हुँदै आएको नेपालकै पहिलो राष्ट्रिय दैनिक, दैनिक लुम्बिनीले आफ्नो स्थापनाको ३६ औं वर्ष पूरा गरी ३७औं वर्ष प्रवेश को सुखद् अवसरमा हार्दिक बधाई ज्ञापन गर्दछौं। साथै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा दैनिक लुम्बिनीले अझ बढी प्रगति गर्दै जाओस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं।
धनश्याम पाठक
क्याम्पस प्रमुख (एवं)
बुटवल कालिका क्याम्पस परिवार
बुटवल, रुपन्देही

हार्दिक बधाई तथा शुभकामना
३७ औं वर्ष प्रवेश
निजी क्षेत्रबाट निरन्तर रुपमा प्रकाशित हुँदै आएको नेपालकै पहिलो राष्ट्रिय दैनिक, दैनिक लुम्बिनीले आफ्नो स्थापनाको ३६ औं वर्ष पूरा गरी ३७औं वर्ष प्रवेश को सुखद् अवसरमा हार्दिक बधाई ज्ञापन गर्दछौं। साथै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा दैनिक लुम्बिनीले अझ बढी प्रगति गर्दै जाओस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं।
कृष्ण प्रसाद शर्मा
क्याम्पस प्रमुख (एवं)
सिद्धार्थ गौतमबुद्ध क्याम्पस परिवार
बुटवल-४, हाटबजार, रुपन्देही

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

निजी क्षेत्रबाट निरन्तर रुपमा प्रकाशित हुँदै आएको नेपालकै पहिलो राष्ट्रिय दैनिक, दैनिक लुम्बिनीले आफ्नो स्थापनाको ३६ औं वर्ष पूरा गरी ३७औं वर्ष प्रवेशको सुखद् अवसरमा हार्दिक बधाई ज्ञापन गर्दछौं। साथै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा दैनिक लुम्बिनीले अझ बढी प्रगति गर्दै जाओस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं।

घरेलु तथा साना उद्योग कार्यालय रूपन्देहीको समस्त उद्योगी, व्यवसायी तथा उपभोक्ता वर्गमा अनुरोध

मेहनतले आर्जन गरेको धनको दुरुपयोग हुन नदिन, स्वास्थ्य तथा शारीरिक हानी नोक्सानी हुन नदिन उपभोग्य सामग्री उत्पादन तथा खरिद बिक्री तथा उपभोग गर्दा निम्न कुराहरुमा ध्यान पुर्याई सचेत उद्योगी तथा सचेत उपभोक्ताको भूमिका निर्वाह गरौं।

- उद्योगी व्यवसायीहरुले सम्बन्धित निकायमा दर्ता गरेर मात्र उद्योग व्यवसाय संचालन गर्ने गरौं।
- उद्योगबाट निस्कने ठोस, तरल तथा अन्य फोहोरहरुको छुट्टाछुट्टै निर्धारित मापदण्ड बमोजिम व्यवस्थापन गरौं।
- बिक्री गर्ने वस्तुहरु समय समयमा निरीक्षण गरी अखाद्य वा म्याद गुज्रेका सामानहरु बिक्री स्थलमा नराखौं।
- बिक्रीयोग्य वस्तुको आवश्यकता अनुसारको तापक्रममा भण्डारण गर्ने गरौं।
- बिना ईजातज सूर्तीजन्य र मदिराजन्य वस्तुहरुको बिक्री वितरण नगरौं।
- औषधी तथा औषधीजन्त पदार्थहरुको प्याकिङ्गमा उपभोग्य मिति र प्रयोग गर्ने तरिकाको बारेमा उपभोक्तालाई जानकारी दिने गरौं।
- कारोबारस्थलमा साइनबोर्ड तथा मूल्य सूची स्पष्ट देखिने गरी अनिवार्य रुपमा राख्ने गरौं, सामान खरिद/बिक्री गर्दा अनिवार्य रुपमा बिल बिजक लिने/दिने गरौं।
- उपभोक्ताहरुले कुनै पनि सामान खरिद गर्दा उत्पादन गर्ने उद्योगको नाम, दर्ता नम्बर, मूल्य, तौल, उपभोग्य मिति, गुणस्तर आदि उल्लेख छ/छैन हेरेर मात्र खरिद गर्ने गरौं।
- प्लाष्टिकको झोलाको विकल्पमा कपडाको झोला तथा अन्य झोलाको प्रयोग गरौं।
- कृत्रिम अभाव श्रृजना गरिएको वा कमसल वस्तु बिक्री वितरण गरेको पाईएमा तथा वस्तुको उपभोगबाट कुनै हानि नोक्सानी भएमा जिल्ला प्रशासन कार्यालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, सम्बन्धित स्थानिय तह वा नजिकको प्रहरी कार्यालयमा जानकारी दिउँ।

घरेलु तथा साना उद्योग कार्यालय रूपन्देही

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com